# “घरमै बनाऔँ खेलौना”

## घरकै स्रोत र साधन प्रयोग गरि खेलौना बनाऔँ

## खण्ड १

# सामाग्रीका तालिका


**टाँकहरु**

- टाँक लगाउने (उमेर : ३ देखि ५)---पेज. ६

**कार्टून बाकसहरु**

- निशाना बाकस (उमेर :३ देखि ५)---पेज. ८
- बस (उमेर : १ देखि ३)---पेज. ९
- घडी (उमेर : ३ देखि ५)---पेज .१०
- आकार बाकस (उमेर : ३ देखि ५)---पेज.११
- शहर बनाऔं (उमेर : ३ देखि ५)---पेज.१२
- जुत्ताको तुना  (उमेर : ३ देखि ५)---पेज.१३

**चिम्टी**

- चिम्टीको सृजनात्मक खेल (उमेर : ३ देखि ५)---पेज.१५
- जोडा मिलाऊ (उमेर : १ देखि ३)---पेज. १६
- अङ्क गन्ती पाना (उमेर : ३ देखि ५)---पेज.१७
- चित्रमा के हरायो ? (उमेर : ३ देखि ५)---पेज.१८

**अण्डाको क्यारेट**

- झुसिल्कीरा (उमेर : ३ देखि ५)---पेज.२०

**कागज**

- हात्ती बनाऔं (उमेर : ३ देखि ५)---पेज २२

- ♦ उड्ने फिरफिरे (उमेर : ३ देखि ५)---पेज.२३
- ♦ माकुरा (उमेर : ३ देखि ५)---पेज.२४
- ♦ हवाईजहाज (उमेर : ३ देखि ५)---पेज.२५

**कागजको कप**

- ♦ यती (उमेर : ३ देखि ५)---पेज.२७
- ♦ उफ्रिने भ्यागुता (उमेर : ३ देखि ५)---पेज.२८
- ♦ खरखरे बाजा (उमेर : ३ देखि ५)---पेज.२९
- ♦ अग्लो टावर (उमेर : ३ देखि ५)---पेज.३०
- ♦ धागोको टेलिफोन (उमेर : ३ देखि ५)---पेज.३१

**कागजको प्लेट**

- ♦ चाकाचुली (उमेर : ० देखि ३)---पेज.३३

**प्लाष्टिकको बोतल**

- ♦ पानी खन्याउने खेल (उमेर : २ देखि ५)---पेज.३५

**प्लाष्टिक बोतलको बिर्को**

- ♦ अंक जोडा (उमेर : ३ देखि ५)---पेज.३७

**मोजा**

- ♦ सानी पुतली (उमेर : ३ देखि ५)---पेज.३९










**माटो**

- माटोको खेलौना (उमेर : ३ देखि ५)---पेज.४१

**धागो**

- आकार उन्ने (उमेर : ३ देखि ५)---पेज.४३

**धागोको रिल**

- माला उनौँ (उमेर : ३ देखि ५)---पेज.४५

**टिस्यु बाकस**

- रुमाल तान्ने बाकस (उमेर : १ देखि ३)---पेज.४७

**ट्वाईलेट पेपरको रिल**

- दुरबिन (उमेर : ३ देखि ५)---पेज.४९











# टाँकहरू

# “घरमै बनाऔँ खेलौना”

## खेलौनाको नाम : टाँक लगाऊँ



उमेर :
३ देखि ५
वर्षसम्म

**सामाग्री :** सियो, धागो, टाँकहरु र कपडाका टुक्राहरु - ३/४ वटा


**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. कपडाका (भए विभिन्न रङका) टुक्राहरुलाई चारकुने पारेर काट्नुहोस् । | २. कपडाको टुक्राको एउटा कुनामा टाँक राखेर सिउनुहोस् र विपरीत कुनामा टाँक घर बनाउनुहोस् । | ३. बालबालिकालाई टाँक घरमा छिराउन लगाउनुहोस् । |
|  |  |  |

**कसरी खेल्ने :** बालबालिकालाई तयार पारिएका टुक्राहरुलाई टाँक छिराएर लहरै मिलाउन लगाउनुहोस् ।

**विकासात्मक चरणहरु :** आँखा, हात र औंलाको समन्वय, सूक्ष्म अङ्गको विकास हुन्छ । जीवनोपयोगी सीप सिक्छन् । आफ्नो काम आफैं गर्न सक्ने हुन्छन् ।

unicef

कार्टून बाकस 

# "घरमै बनाऔँ खेलौना"


## खेलौनाको नाम : निशाना बाकस



उमेर
३ देखि ५
वर्ष

**सामाग्री :** कार्टूनको बाकस, पत्रिका, कैँची, पेन

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. एउटा तेलको कार्टून बाकसलाई ३ वटा आकारमा (चारकुने, त्रिकोण र गोलो) प्वाल पार्नुहोस् । | २. पत्रिकालाई कुच्चाएर डल्लो २ वटा बनाउनुहोस् । धागो वा कपडाको टुक्राले बाँध्नुहोस् । | ३.बाकसलाई आकर्षक रुपमा सजाउनुहोस् । |
|  |  |  |

**कसरी खेल्ने :** २ वटा डल्लालाई केही परको दूरीबाट बाकस भित्र छिराउन लगाउनुहोस् । आवश्यक रुपमा अभिभावकले केही छिन प्रयोग गरेर देखाउनुहोस् । बालबालिकालाई मन पर्ने निशानामा छिराउन लगाउनुहोस् ।

**विकासात्मक चरणहरु :** स्थूल अङ्गको विकास हुन्छ । सन्तुलन गर्ने, निशानामा गोल गर्ने, हात र आँखा बीचको समन्वय हुन्छ । आकार पहिचान गर्न सक्नेछन् ।

# "घरमै बनाऔँ खेलौना"

## **खेलौनाको नाम :** बस

**उमेर :**
**१ देखि ३ वर्ष**



**सामाग्री :** कार्टून बाकस, कैंची, साइनपेन वा क्रेयन र डोरी

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. कार्टून बाकसलाई चित्रमा झैं बालबालिका बस्न मिल्ने गरी तयार गर्नुहोस् । बाहिरबाट सेतो कागजले लपेट्नुहोस् र बस जस्तै देखिने गरी सजाउनुहोस् । | २. बसको अगाडि भागमा २ वटा प्वालहरु पार्नुहोस्, जसमा डोरी छिर्न सकोस् । | ३. ती प्वालहरुमा डोरी छिराएर बलियो गरी बाढ्नुहोस् । |
|  |  |  |

**कसरी खेल्ने :** बालबालिकालाई आफ्नो मन पर्ने गुडिया वा आफ्ना सामानलाई बस भित्र राखेर तान्न लगाइ यो खेलौना खेलाउन सकिन्छ ।

**विकासात्मक चरणहरु :** यातायातका साधनहरु चिन्न सक्छन् । आँखा र औंलाको समन्वय भइ समात्ने सीपको विकास हुन्छ । हात खुट्टाको विकास हुन्छ ।

unicef

# “घरमै बनाऔँ खेलौना”

## खेलौनाको नाम : घडी



**उमेर : ३ देखि ५ वर्ष**

**सामाग्री :** कार्टून बाकस, रङ्गीन कागज, कैंची, गम र साइनपेन

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. कार्टून बाकस र कागजलाई कैंचीले चित्रमा झैं गोलाकारमा काट्नुहोस् । सेतो कागज पनि गोलाकार काट्नुहोस् । | २. रङ्गीन कागजबाट १२ ओटा ताराहरु बनाउनुहोस् र बीच भागमा अङ्कहरु १ देखि १२ सम्म लेख्नुहोस् । कार्टून बाकसबाट घडीका हातहरु पनि बनाउनुहोस् र रङ लगाउनुहोस् । | ३. त्यसपछि चित्रमा झैं छेउ भागमा अंकहरु मिलाएर टाँस्नुहोस् । घडीको हातलाई धागोले छिराएर गाँठो पार्नुहोस् वा रिपिट हाल्नुहोस्, जसले गर्दा घडीका हात घुमाउन सकिन्छ । |
|  |  |  |

**कसरी खेल्ने :** बालबालिकालाई घडी जस्तै गरी खेलाउन सकिन्छ । समय समयमा कति बज्यो भनेर सोध्नुपर्छ । विभिन्न समयमा के गर्ने हो सोधेर खेल्न सकिन्छ ।

**विकासात्मक चरणहरु :** समय सम्बन्धी चेतनाको विकास हुन्छ । अङ्क चिन्न सक्नेछन् । आँखा र औंलाको समन्वय गरी घडीका हात घुमाउन सक्नेछन् ।

unicef

# “घरमै बनाऔं खेलौना”

## खेलौनाको नाम : आकार बाकस



**उमेर : ३ देखि ५ वर्ष**

**सामाग्री :** कार्टून बाकस, कैंची वा चक्कु, साइनपेन र विभिन्न आकारहरु

### कसरी बनाउने : विधिहरु


| | | |
|---|---|---|
| १. कार्टून बाकसलाई कैंची वा चक्कुले चित्रमा झैं विभिन्न आकारमा काट्नुहोस् । | २. काटेका आकारका प्वालहरुमा छिर्ने विभिन्न आकारका सामाग्री बनाउनुहोस् । यसरी बनाउँदा सकेसम्म एउटा प्वालमा एउटामात्र छिर्ने गरी बनाउनुपर्छ । | ३. चित्रमा झैं विभिन्न आकारका सामाग्रीहरुलाई प्वालमा छिराएर खेल्नुहोस् । |
|  |   |   |

**कसरी खेल्ने :** बालबालिकालाई आकार चिनाउँदै कुन आकारमा कुन सामाग्री छिर्छ, सोधेर खेलाउन सकिन्छ । कति छिटो कुन आकार कुन सामाग्री छिर्छ, समय मापन गरेर पनि खेलाउन सकिन्छ ।

**विकासात्मक चरणहरु :** विभिन्न आकारहरु चिन्न सक्नेछन् । फरक छुट्टयाउने चेतनाको विकास हुन्छ । आँखा र औंलाको समन्वय सीपको पनि विकास हुन्छ ।

# "घरमै बनाऔं खेलौना "


## खेलौनाको नाम : शहर बनाऔं



उमेर
३ देखि ५
वर्ष

**सामाग्री :** कार्टूनको बाकस, कैंची, टेप, गम, साइनपेन

**कसरी बनाउने : विधिहरु**

| १. कार्टबोर्ड वा कार्टून खोल काटेर लामो सडक बनाउनुहोस् र सडकलाई चित्रमा झैं रङ लगाउनुहोस् । | २. तपाईं नजिकको बजार/शहरमा पसलहरु, कार्यालयहरु के के छन् बनाउनुहोस् । | ३. त्यस  बजार/शहरमा बालबालिकालाई खेल्दै सडकहरु जोड्न दिनुहोस् । भवनहरु थप्न दिनुहोस् । |
|---|---|---|
|  |  |  |

**कसरी खेल्ने :** कार्टूनका टुक्राहरु थप्दै सडकहरु बढाउन दिनुहोस् । भवनहरु चिन्ने, कुन पसल, कुन अस्पताल कहाँ छ भनेर संकेतद्वारा चिन्नेछन् । खेलौनाका गाडीहरु गुडाउन पनि दिन सक्नुहुन्छ ।

**विकासात्मक चरणहरु :** कल्पना शक्तिको विकास हुन्छ । सिर्जनशील बन्दछन् । सार्वजनिक ठाउँहरु चिन्दछन् ।

unicef

उमेर :
३ देखि ५

# “घरमै बनाऔँ खेलौना”

## खेलौनाको नाम : जुत्ताको तुना



**सामाग्री :** कैँची, कुनै कार्टून बक्सको टुक्रा र तुना (डोरी)

**कसरी बनाउने : विधिहरु**

| १. खेर गएको कार्टूनको एक भाग काट्नुहोस् र जुत्ताको आकार निकाल्नुहोस् । | २. जुत्ताको अगाडि तुना लगाउन ८ वटा प्वाल पेन्सिलले कोरी प्वाल बनाउनुहोस् । | ३. तुना वा डोरी छिराएर जुत्ताको तुना बाँध्न लगाउनुहोस् । |
|---|---|---|
|  |  |  |

**कसरी खेल्ने :** बालबालिकालाई छेउमा राखेर कसरी तुना बाँध्ने भनेर सिकाउनुहोस् । बालबालिका आफैलाई पनि गर्न लगाउनुहोस् । फेरी खोल्न र बाँध्न लगाउनुहोस् ।


**विकासात्मक चरणहरु :** बालबालिकाले आफ्नो जुत्ताको तुना (लेस) आफैं लगाउन सक्दैनन् । तर यसरी प्रक्रिया सिकाइयो भने विस्तारै आफ्नो काम आफैं गर्न सक्ने हुन्छन् । सूक्ष्म अंगको विकास हुन्छ ।

unicef

चिम्टी

# “घरमै बनाऔँ खेलौना”


## खेलौनाको नाम : चिम्टीको सृजनात्मक खेल



**उमेर :**
**३ देखि ५ वर्ष**

**सामाग्री :** कपडा च्याप्ने चिम्टीहरु

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. कपडा च्याप्ने चिम्टीहरु खोलेर भूईंमा वा नाङ्लोमा राखिदिनुहोस् । | २. जस्तो आउँछ त्यस्तै गरी जोडेर केही बनाउन लगाउनुहोस् । | ३. यदि च्याप्न र खोल्न सक्छन् भने यी चित्रमा देखाएका उदाहरण जस्तै बनाउन लगाउनुहोस् । |
|  |  |  |

**कसरी खेल्ने :** बालबालिकालाई स्वतन्त्रपूर्वक खेल्न, जोड्न लगाउनुपर्दछ । उनीहरुसँग कुरा गर्दै खेलाउन सकिन्छ । के बनाउन लागेको हो त्यस्कै बारेमा कुरा गर्न पनि सकिन्छ जस्तै चरा, माछा या अन्य केही ।

**विकासात्मक चरणहरु :** सोचेर अब के बनाउने भन्ने कल्पना शक्ति बढ्छ । हातका औंला पनि चल्छन् । आँखा र औंलाको मष्तिष्कसँग समन्वय हुन्छ । ध्यान केन्द्रित भइ काम गर्ने क्षमता वृद्धि हुन्छ ।

unicef

# "घरमै बनाऔं खेलौना"

## खेलौनाको नाम : जोडा मिलाऊ



उमेर : ३ देखि ५ वर्ष

**सामाग्री :** रङ्गीन कागजहरु र चिम्टीहरु

**कसरी बनाउने : विधिहरु**

| | |
|---|---|
| १. घरमा भएका विभिन्न रङका चिम्टीहरु अनुसार त्यही रङका कागजका टुक्राहरु वर्गाकार रुपमा काट्नुहोस् । रङ्गीन कागजहरु नभएमा चिम्टीहरुको रङ अनुसार कागजहरुमा रङ पनि लगाउन सकिन्छ । | २. उस्तै रङका कागजलाई जोडा मिलाएर चिम्टीले एकै ठाउँमा च्याप्न लगाउनुहोस् । खोलेर फेरी दोहोऱ्याउन लगाउनुहोस् । |
|  |  |

**विकासात्मक चरणहरु :** यसबाट बालबालिकाले रङ चिन्दछन् । हेर्न र फरक छुट्याउने क्षमताको विकास हुन्छ । चिम्टीहरुको प्रयोगले सुक्ष्म अङ्गको विकास हुन्छ ।

# "घरमै बनाऔं खेलौना"



**उमेर : ३ देखि ५ वर्ष**

## खेलौनाको नाम : अङ्क गन्ती पाना



**सामाग्री :** कागज (भएमा अलि कडा), चिम्टीहरु, साइनपेन, कैंची

**कसरी बनाउने : विधिहरु**

| १. कागजका उस्तै साइजका टुक्राहरु बनाउनुहोस् । कागजमा अङ्क (१ देखि ७) लेख्नुहोस् र उतिनै ओटा थोप्लाहरु बनाउनुहोस् । | २. जति ओटा थोप्ला छन्, त्यति वटा चिम्टीहरु बालबालिकालाई कागजमा राख्न लगाउनुहोस् । |
| --- | --- |
|  |  |

**कसरी खेल्ने :** यसलाई क्रम संख्या मिलाएर खेलाउन सकिन्छ वा अङ्क पहिचान मात्रै गराउन पनि सकिन्छ ।

**विकासात्मक चरणहरु :** बालबालिकालको संख्याको ज्ञान, गन्ती गर्ने सीपको विकास हुन्छ । सूक्ष्म अङ्गको (औंलाहरु) विकास हुन्छ ।

# “घरमै बनाऔं खेलौना ”

## खेलौनाको नाम : के हरायो ?

उमेर : ३ देखि ५ वर्ष



**सामाग्री :** कागज (रङ्गीन भए राम्रो), साइनपेन र चिम्टीहरु

**कसरी बनाउने : विधिहरु**

| १. कागजबाट विभिन्न जनावरका अनुहार बनाउनुहोस्, जस्तै बिरालो, खरायो र जेली माछा । | २. तिनीहरुको अनुहारमा के हराएको छ, जस्तै सिङ, कान वा जुङ्गा, चिम्टी लगाएर खाली भाग पुरा गराएर खेलाउनुहोस् । |
| --- | --- |
|  |  |

**विकासात्मक चरणहरु :** उनीहरुले के हरायो भनेर खोज गर्दछन् र पत्ता लगाउँछन् । खोज गर्ने बानीको विकास हुन्छ । यस्ता क्रियाकलापले बालबालिकाको बौद्धिक विकास हुन्छ ।

unicef

# अण्डाको क्यारेट 

# “घरमै बनाऔँ खेलौना ”


## खेलौनाको नाम : झुसिल्कीरा



**उमेर : ३ देखि ५ वर्ष**

**सामाग्री :** अण्डाको क्यारेट, रङ, कैँची, गम, सिन्का र मार्कर पेन

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. प्रयोग भइसकेको अण्डाको क्यारेट लिनुहोस् । | २. त्यसलाई लामो टुक्रामा काट्नुहोस् । | ३. त्यसमा घर वरिपरि पाइने झुसिल्कीराको रङ लगााउनुहोस् । कालो मार्कर पेनले आँखा र सिन्का जोडेर सिङ बनाउनुहोस् । |
|  |  |  |

**कसरी खेल्ने :** झुसिल्कीरा जस्तै हिडाउन सकिन्छ । घर वरिपरिका झुसिल्कीरा तथा अन्य कीराको खोज गर्न सकिन्छ । झुसिल्कीराका बारेमा बताउन सकिन्छ ।


**विकासात्मक चरणहरु :** झुसिल्कीराका बारेमा थाहा हुन्छ । शरीरको फरक चाल र गति सीपबारे सिक्दछन् । वातावरणप्रतिको थप ज्ञान प्राप्त हन्छ ।

कागज



# "घरमै बनाऔं खेलौना"


## खेलौनाको नाम : हात्ती बनाऔं



उमेर: ३ देखि ५ वर्ष

**सामाग्री :** कागज, साइनपेन र कैंची

**कसरी बनाउने : विधिहरु**

| १. सेतो कागजमा सूँड बाहेकको  हात्तीको चित्र कोर्नुहोस् । | २. सूँडको भागमा  औंला छिर्ने प्वाल पार्नुहोस् । |
|---|---|
|  |  |

**कसरी खेल्ने :** सूँडको प्वालमा हातको औंला छिराएर हात्तीको सूँड जस्तै चलाउनुहोस् । हात्तीको जस्तै आवाज निकाल्नुहोस् । हात्तीबारे बताउनुहोस् । हात्ती पात्र भएका कथा सुनाउनुहोस् ।

**विकासात्मक चरणहरु :** हात्तीबारे बुझ्दछन् । सुनाइ सीपको विकास हुन्छ ।

# “घरमै बनाऔं खेलौना”




## खेलौनाको नाम : उड्ने फिरफिरे

उमेर :
३ देखि ५



**समाग्रीहरु** : रंगिन कागजहरु, स्टेपलर, पिन र कैंचि


## कसरी बनाउने : विधिहरु

| १) कागजलाई कैंचिले चित्रमाझै आयातकारमा काट्नुहोस् । यसलाई ३ भाग मध्ये २ भाग रातो लाईन सम्म फोल्ड गनुहोस् । | २) फोल्ड गरेको भागमा स्टेपलर गर्नुहोस् । बिच भागमा मार्क गरि काट्नुहोस् । | ३) यसलाई अग्लो ठाउबाट उडाउन पर्छ । उडाउदाखेरी हल्का मोड्नुपर्छ । |
|---|---|---|
|    |   |  |

**विकासात्मक चरणहरु : हावाको चाप सम्बन्धि चेतनाको विकास हुन्छ । आँखा र औंलाको समन्वय हुन्छ ।**

# “घरमै बनाऔं खेलौना”




## खेलौनाको नाम : माकुरा



**उमेर :
३ देखि ५
वर्ष**

**सामाग्री :** चार्टपेपर वा पत्रिका, कैँची र साइनपेन

### कसरी बनाउने : विधिहरु

| | | |
|---|---|---|
| १. चार्ट पेपर वा पत्रिकामा प्लेट राखेर गोलाकार काट्नुहोस् । त्यसरी नै बट्को राखेर सानो गोलाकार काट्नुहोस् । | २. लामा ४ वटा कागजहरु खुट्टाहरु काट्नुहोस् र ठूलो गोलाकार पेपरलाई चित्रमा देखाए अनुसार ४ वटा कागजहरु माथि टाँस्नुहोस् । | ३. खुट्टाहरु तीन भाग हुने गरी दुई ठाँउमा मोड्नुहोस् । सानो गोलाकारमा आँखा बनाएर टाउकोको भागमा टाँस्नुहोस् । |
|  |  |  |

**कसरी खेल्ने :** माकुरासँगै डुल्न लगाउने । माकुराजस्तै हिँड्न लगाउने । रङ, बनावट (कति वटा खुट्टाहरु), खाना, बासस्थान बारे छलफल गर्ने ।

**विकासात्मक चरणहरु :** गन्तीको ज्ञान, रङको ज्ञान, चाल र गति अभ्यास, स्थूल अङ्गको विकास हुन्छ ।

# “घरमै बनाऔँ खेलौना”



# खेलौनाको नाम : हवाईजहाज

उमेर
३ देखि ५
वर्ष



**सामाग्री : कागज, रङ्ग र गम (टाँस्नको लागि)**

## कसरी बनाउने : विधिहरु

| १. चार्ट पेपर वा घरमा भएका पत्रिकालाई काटेर ढुंग्रो जस्तै बेरेर गमले टाँस्नुहोस् । दुईवटा आँखा पनि बनाइदिनुहास् । | २. पखेटाको लागी दुईवटा ठूला र साना कागज आयाताकार बनाइ काट्नुहोस् र बीचबाट जोड्नुहोस् । दुबैतिर धर्का कोर्नुहोस् । | ३. त्यसपछि पखेटाहरुलाई यसरी टाँस्नुहोस् । | ४. आँखाको भागमा ठूलो र पुच्छरतिर सानो कागज टाँस्नुहोस् । |
|---|---|---|---|
|  |  |  |  |

**कसरी खेल्ने :** बालबालिकाहरुसँग हवाइजहाज उडाएर खेल्ने । अभिभावक तथा अरु परिवारसँग हवाईजहाज कसरी उड्छ भनि देखाउँदै खेल्न सक्नेछन् ।

**विकासात्मक चरणहरु :** दौड्ने गर्दा स्थूल अंगको विकास हुन्छ । सामग्री निर्माणको समयमा बालबालिकालाई सहभागी गराउनु भए सुक्ष्म अंगको विकास हुन्छ । यस सामग्री समूहमा खेल्दा सामाजिक विकास हुन्छ ।

unicef

# कागजको कप 

# "घरमै बनाऔँ खेलौना "

## खेलौनाको नाम : यती

**उमेर : ३ देखि ५ वर्ष**



**सामाग्री :** पेपरको कप, प्लाष्टिकको झोला, फुक्ने पाइप (स्ट्रअ), टेप, साइनपेन

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. प्लाष्टिकको झोलामा पाइप छिराएर हावा बाहिर नजाने गरी टेपले बन्द गर्नुहोस् । झोलामा साइनपेनले यतीको अनुहार बनाउनुहोस् । | २. पेपरको कपमा पाइप छिर्ने प्वाल पारेर छिराउनुहोस् । | ३. बालबालिकाले पाइपबाट फुक्दा प्लाष्टिक झोला फैलिन्छ र यतीले टाउको उठाउँदछ । |
|  |  |  |

**कसरी खेल्ने :** अभिभावकले गरेर देखाउने र पालैपालो बालबालिकालाई गर्न लगाउने ।

**विकासात्मक चरणहरु :** हावाको चाप महसुस गर्दछन् । हावा र चापबारे आधारभूत ज्ञान प्राप्त हुन्छ । श्वासलाई महसूस गर्दछन् ।

unicef

# “घरमै बनाऔँ खेलौना”



# खेलौनाको नाम : उफ्रिने भ्यागुता



उमेर : ३ देखि ५

**सामाग्री :** कागजका कपहरु-२, रबर ब्याण्ड-२, कैँची -१, रंगिन कागज र सजावटका लागि साइन पेन

## कसरी बनाउने : विधिहरु

| | | |
|---|---|---|
| १) २ वटा रबर ब्याण्डहरु बाँध्नुहोस् । | २) एउटा कपको ४ ठाउँमा प्वाल पार्नुहोस् । फोटोमा जस्तै गाँठो बीचमा पारी रबरलाई प्वालहरुमा अड्काउनुहोस् । | ३) रबर भएको कपलाई भ्यागुता जस्तो देखिने गरी राम्ररी सजाउनुहोस् । |
|  |   |  |

**कसरी खेल्ने** : एउटा कपको माथि रबर भएको भ्यागुता कप राख्नुहोस् र तलतिर तान्नुहोस् । भ्यागुतालाई माथि हावा तिर जान दिनुहोस् । कपलाई यसरी छोड्नुहोस् ताकि कप छिटो भन्दा छिटो माथितिर उडोस् ।

**विकासात्मक चरणहरु :** बालबालिकाले वस्तु वा सामग्री नियन्त्रण गर्ने सीप सिक्नेछन्, वस्तुहरुको निर्माण तथा खुम्चिने, तन्किने सामाग्रीको सन्तुलन गर्न सक्नेछन्, सूक्ष्म अंग (औंला) सञ्चालन गर्न सक्नेछन् ।

## "घरमै बनाऔं खेलौना"

# खेलौनाको नाम : खरखरे बाजा

**उमेर : ३ देखि ५ वर्ष**



**सामाग्री :** २ वटा पेपर कप, टेप, खबर कागज, रङ, पेन्सिल

### कसरी बनाउने : विधिहरु

| | | |
|---|---|---|
| १) खबर कागजबाट साना साना आकारका ८ देखि १० वटा सम्म डल्लाहरु बनाउनुहोस् । | २) २ वटा कपहरुलाई रङ र पेन्सिलले आकर्षक रुपमा सजाउनुहोस् । | ३) डल्लाहरुलाई कागजको भित्र फेदमा राख्नुहोस् र अर्को कपले माथिबाट छोपेर टेपले बन्द गरिदिनुहोस् । |
|  |  |  |

**कसरी खेल्ने** : कप हल्लाइ आवाजसँग रमाइलो गर्नुहोस् । कप भित्र चामल वा सिमिका दानाहरु राखी कस्तो आवाज आउँछ सुन्न लगाउनुहोस् । कप भित्र बज्ने सामाग्री परिवर्तन गरिरहनुहोस् ।

**विकासात्मक चरणहरु :** बालबालिकाले आवाजहरु पहिचान गर्न सिक्छन् । सुनाइ सीपको विकास हुन्छ ।

unicef

"घरमै बनाऔं खेलौना"

# खेलौनाको नाम : अग्लो टावर

उमेर :
३ देखि ५
वर्ष



**सामाग्री :** कागज वा स्टीलका कपहरु

**कसरी खेल्ने :**

१. धेरैवटा कपहरु जम्मा गर्ने वा थुपार्ने । त्यसलाई रङ लगाएर आकर्षक पनि बनाउन सकिन्छ ।

२. सीमित समयमा कसले अग्लो बनाउन सक्छ परिवारका सदस्यहरु बीच प्रतिस्पर्धात्मक रुपमा पनि खेल्न सकिन्छ ।

३. कागजको बलले टावर ढाल्ने खेल पनि खेलाउन सकिन्छ।

**विकासात्मक चरणहरु :**

बालबालिकाले सामाग्रीको चाङ्ग निर्माण गर्न सक्छन् । वस्तुहरुको प्रयोग गर्ने सीप, सन्तुलन गर्ने सीप र नियन्त्रण गर्ने क्षमता विकास हुन्छ । निर्माणका आधारभूत सीप पनि सिक्छन् । एकाग्र हुने सीप पनि हासिल गर्छन् ।

unicef

## “घरमै बनाऔं खेलौना”


# खेलौनाको नाम : धागोको टेलिफोन

**उमेर : ३ देखि ५ वर्ष**



**सामाग्री :** २ वटा कागजका कपहरु, धागो, सिन्का, कैंची र टेप

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १) २ वटा साना सिन्काहरु तयार गर्नुहोस् । | २) कपको तल (फेद)को भागमा सिन्कामात्र छिर्ने सानो प्वाल पार्नुहोस् । | ३) लामो धागोलाई दुवै कपको प्वालमा छिराएर सिन्कामा बाँध्नुहोस् र धागो अड्काउनुहोस् अथवा सिन्कालाई टेपले राम्ररी टाँस्नुहोस् । |
|  |  |  |

**कसरी खेल्ने** : २ जनाले तन्काएर धागो भएसम्म दुइ तिर जाने र कानमा १ जनाले राख्ने । अर्को जनाले बोल्ने । पालैपालो बोल्ने वा सुन्ने । टेलिफोनको जस्तै कुरा गर्न सकिन्छ ।

**विकासात्मक चरणहरु :** बालबालिकाको सुनाइ र बोलाइ सीपको विकास गर्छ ।

# कागजको प्लेट 

# "घरमै बनाऔं खेलौना"


## खेलौनाको नाम : चाकाचुली

उमेर:
जन्म देखि ३ वर्ष



**सामाग्री** : कागजको प्लेट, कैंची, रङ्गीन कागज, गम र साइनपेन

**कसरी बनाउने** : **विधिहरु**

| १ प्रयोग नगरेको प्लेटलाई चित्रमा झैं ठीक आधा हुने गरी दोबार्नुहोस् । | २ चित्रमा झैं बीचको भागलाई अर्ध गोलाकारमा काट्नुहोस् । | ३ रङ्गीन कागजबाट चाकाचुलीको दुईतिर राख्न मिल्ने गरी मान्छे वा जनावरहरु बनाउनुहोस् । बीचको भागलाई पनि सजावटको रुपमा प्रयोग गर्न सकिन्छ । |
|---|---|---|
|  |  |  |

**कसरी खेल्ने :** साना बालबालिका रङ्गीन कागजबाट बनेको चाकाचुली हेरेर रमाउँछन् । अलि ठूलो भएपछि आफैले चाकाचुली चलाएर खेल्छन् ।

**विकासात्मक चरणहरु :** हल्लने वस्तुहरुप्रति आकर्षित गराउन सकिन्छ । गति वा चालबारे सिक्दछन् ।

unicef

# प्लाष्टिकको बोतल



# “घरमै बनाऔं खेलौना”

## खेलौनाको नाम : खन्याउने भाँडा



**उमेर : २ देखि ५ वर्ष**

**सामाग्री :** खेर गएका पानीका बोतल, कैँची र प्लाष्टिक डोरी

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. प्रयोग गरिसकेको बोतललाई बराबर दुई टुक्रामा काट्नुहोस् । काटेका छेउ सुरक्षित रुपमा टेपले टाँस्नुहोस् । | २. काटेको दुई टुक्रालाई बाँध्न छेउमा प्वाल पार्नुहोस् । | ३. त्यसपछि डोरीले कसिलो गरी बीचमा दुईतिर बाँध्नुहोस् र चित्रमा झैं झुण्डयाउने बनाउनुहोस् । |
|  |  |  |

**कसरी खेल्ने :** यसलाई बालबालिकाले पानी भर्न र खन्याउनका लागि प्रयोग गराउन सकिन्छ । कहिलेकाहीं बालुवामा पनि खेल्न सक्छन् । बिरुवामा पानी हाल्ने गराउन सकिन्छ ।

**विकासात्मक चरणहरु :** तरल पदार्थ भर्ने र खन्याउने सीपको विकास हुन्छ । आँखा तथा औंलाको समन्वय भइ सूक्ष्म अंगको पनि विकास हुन्छ ।

unicef

# प्लाष्टिकको बोतलको बिर्को

# “घरमै बनाऔं खेलौना”

## खेलौनाको नाम : अंक जोडा



उमेर :
३ देखि ५
वर्ष

**सामाग्री :** साइनपेन, बोतलका बिर्कोहरु, रङ्गीन चार्टपेपर, कैंची र गम

**कसरी बनाउने : विधिहरु**

| १. चार्टपेपरबाट तारा वा अन्य केही आकर्षक आकारका टुक्राहरु काट्नुहोस् । बोतलका बिर्कोमा पनि सेतो कागज टाँस्नुहोस् । | २. ती आकारका टुक्रामा १ देखि १० सम्म लेख्नुहोस् र बोतलको बिर्कोहरुमा पनि १ देखि १० सम्म अंक लेख्नुहोस् । | ३. अब ती दुवै जोडा मिलाउन लगाउनुहोस् । |
|---|---|---|
|  |  |  |

**कसरी खेल्ने :** बोतलको बिर्कोमा लेखिएको अंक र आकारका कागजको टुक्रामा लेखिएको अंक बीच जोडा मिलाएर खेल्न लगाउनु पर्दछ ।

**विकासात्मक चरणहरु :** अंक चिन्न र गन्ती गर्न सक्षम हुन्छन् ।

unicef

मोजा 

# "घरमै बनाऔँ खेलौना"


## खेलौनाको नाम : सानी पुतली



**उमेर : २ देखि ५ वर्षसम्म**

**सामाग्री :** सफा मोजा, सियो, धागो, कैंची, रुवा वा कपडाका टुक्रा (बटन)

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. मोजाको एकतिर बीचमा काट्ने र २ वटा खुट्टा निकाल्ने । | २. अर्को छेउमा काटेर कपडा वा रुवा खाँद्ने र टाउको बनाउने । बाँकी टुक्रालाई टोपी र मफलर बनाउने । | ३. यस पछि जोडिदिने र सियो धागोले सिउने । आँखा डटपेन (बटन भए राम्रो)ले कोर्ने । मुख धागोले सिउने । हात निकाल्न छेउ छेउमा थोरै खुम्च्याउने र सिलाउने । |
|  |  |  |

**कसरी खेल्ने :** बालबालिकाले हातले सजाउने, सँगै सुताउने, पुतलीसँग कुराकानी गर्ने, माया गर्ने, पुतलीको गीत गाउने, दुध खुवाउने, आमा वा बुबाको अभिनय गर्ने ।

**विकासात्मक चरणहरु :** भावनात्मक सम्बन्ध बढ्छ । संवेगात्मक विकास हुन्छ । अभिनय गर्दा मनका कुराहरु बाहिर अभिव्यक्त हुन्छन् । मनोसामाजिक विकास हुन्छ । रुन र हाँस्न सक्छन् । पुतली अभिन्न मित्र बन्छ ।

unicef

;


माटो



# "घरमै बनाऔँ खेलौना"

## खेलौनाको नाम : माटोको खेलौना भाडा कुटि

उमेर : ३ देखि ५



**समाग्रीहरु :** माटो, पानी र कचौरा

कसरी बनाउने : विधिहरु

| १) लसिलो माटो खोजेर ल्याउनुहोस् । पानीमा हालेर मुछ्नुहोस् । | २) रोटीमो पिठोभैंm मुछेर विभिन्न आकारका भाँडाकुटि आफै वा बालबालीकालाई बनाउन दिनुहोस् । | ३) सुकेपछि रंगले पोत्दा झन आकर्षक हुनेछन् । बालबालीकाहरुलाई हानी नहुने रंगको प्रगोग गनुहोला । |
| --- | --- | --- |
|   |  |  |

**कसरी खेल्ने :** बालबालीकाले भाँडाकुटीहरुको प्रयोगले भान्साका खाना पकाएको अभिनय गरेर खेल्न सक्नेछन्

**विकासात्मक चरणहरु : नक्कल गर्न सिक्दछन् । भाषा विकास र समाजिक विकास हुन्छ । भान्साको समानहरुको नाम थाहा पाउनेछन् ।**

धागो 

# “घरमै बनाऔँ खेलौना”

## खेलौनाको नाम : आकार उन्ने



उमेर : ३ देखि ५ वर्षसम्म

**सामाग्री :** रंगीन कागज, धागो, कैंची र साइन पेन

**कसरी बनाउने : विधिहरु**

| | |
|---|---|
| १. रंगीन कागजलाई आफूलाई मनपर्ने (गोलो, त्रिभुज, आयातकार) आकारमा काट्नुहोस् । बीचमा धागो छिराउने प्वाल पार्नुहोस् । | २. धागो र ती काटिएका कागजका टुक्रालाई एकै ठाउँ राखि दिनुहोस् । बच्चाले आफूलाई जुन मनपर्छ त्यही धागोमा छिराउन सक्दछ । |
|  |  |

**कसरी खेल्ने :** धागोमा छिराए पछि यो माला जस्तै हुन्छ र धागोमा अन्य चुरा, रबर आदि पनि उन्न सकिन्छ ।

**विकासात्मक चरणहरु :** यसबाट आँखा र हातका औंलाको समन्वय हुन्छ । सूक्ष्म अङ्गको विकास हुन्छ । यसले एकाग्र हुने क्षमताको विकास गराउँछ ।

unicef

# धागोको रिल

# “घरमा बनाऔं खेलौना”

## खेलौनाको नाम : माला उनौं



उमेर
३ देखि ५
वर्ष

**सामाग्री :** धागो भित्रका टोटाहरु, रङ, पेन्सिल, मोटो डोरी वा लेस

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. प्रयोग गरिसकिएका धागोका टोटाहरु संकलन गर्नुहोस् । | २. ती टोटाहरुलाई रंगीन बनाउनुहोस ताकि आर्कषक देखियोस् । त्यसलाई मसिना एकनासका टुक्रा पार्नुहोस् । | ३. मोटो धागाको डोरी वा लेसमा ती टुक्राहरुलाई उन्न लगाउनुहोस् । |
|  |  |  |

**कसरी खेल्ने :** टुक्रा पारिएका टोटाहरुलाई जुत्ताको सफा लेसमा वा डोरीमा उन्न लगाउनुहोस् । रङ मिलाएर ढाँचा मिलाउन पनि सिकाउन् पर्दछ । फेरी खोल्ने अनि उन्ने गराउन सकिन्छ ।

**विकासात्मक चरणहरु :** बालबालिकाका हातका औंला र आँखाको समन्वय हुन्छ । सूक्ष्म अङ्गको विकास हुन्छ ।

unicef

टिस्यु बाकस



# “घरमै बनाऔं खेलौना”

उमेर:
१ देखि ३
वर्ष

## खेलौनाको नाम : रुमाल तान्ने बाकस



**सामाग्री** : रुमाल जस्ता साना रङ्गीन टुक्रा कपडाहरु र सानो बट्टा

**कसरी बनाउने : विधिहरु**

| | | |
|---|---|---|
| १. रुमाल जस्ता साना रङ्गीन टुक्रा कपडाहरु चित्रमा झैं तयार गर्नुहोस् । | २. चित्रमा झैं स–साना टुक्राहरुलाई गाँठो पारेर एक आपसमा जोडनुहोस् । | ३.त्यसपछि चित्रमा झैं ती टुक्रारुलाई सानो बट्टा वा बाकसमा पसाएर रुमालको एक छेउ बाहिर निकाल्नुहोस् । अब त्यो छेउबाट तान्दा लामो गरी बाहिर तानीइरहन्छ । |
|  |  |  |

**कसरी खेल्ने :** साना बालबालिकाले बाकसबाट फेरी फेरी तानीइरहने गरेर खेल्न सक्छन् ।

**विकासात्मक चरणहरु :** बालबालिकामा उत्सुकता जगाउँछ । आँखा र हातको समन्वय हुन्छ । सूक्ष्म अङ्गको विकास हुन्छ ।

ट्वाईलेट पेपरको रिल

# "घरमै बनाऔँ खेलौना"


## खेलौनाको नाम : दुरबिन

उमेर :
३ देखि ५



**समाग्रीहरु :** ट्वाईलेट पेपरको बिचको भाग वा कडा कागज, स्टेपलर, डोरी, रंगिन कागज, गम

कसरी बनाउने : विधिहरु

| १) प्रगोग गरिसकेका टोईलेट पेपरका बिचको भाग २ वटा लिनुहोस् । अथवा कडा कागजको बेलनाकार बनाउनुहोस् । | २) चित्रमाझै रंगिन कागजले बेरनुहोस् र एक आपसमा स्टेपलरले जोड्नुहोस् । | ३) चित्रमा झै २ तिर डोरी छिर्ने प्वाल पारेर डोरी छिराएपछि दुरबिन तयार भयो । |
|---|---|---|
|  |  |  |

**विकासात्मक चरणहरु : दुरबिनको अवधारणा बन्छ । अन्वेषण सिपको विकास हुन्छ ।**

**United Nations Children's Fund (UNICEF)**
UN House, Pulchowk
Kathmandu, Nepal
Tel: 977-1-5523200
Fax: 977-1-5527280
Email: kathmandu@unicef.org
© United Nations Children’s Fund (UNICEF) 2020